हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : ३६, २०८२ असार १ गते आइतवार (15 June 2025) मूल्य रु. २०।-



नागरिकता विधेयक माथि संशोधन हाल्नेहरुसँग छलफलः राज्य व्यवस्था तथा सुशासन समितिले नागरिकता विधेयक माथि संशोधन हाल्ने सांसदहरुसँग छलफल गरेको छ। ४६ जनाले ८५ संशोधन दर्ता भएका छन्।

देशको पहिचान बनाउने ढङ्गले प्रस्तुत हुनुहोस्: प्रम

सुस्केरा समाचारदाता

बनेपा, असार - प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा उत्पादन भएको शैक्षिक जनशक्तिले देशको पहिचान कस्तो बना उने ढङ्गले प्रस्तुत हुनुपर्ने बताउनुभएको छ। शुक्रबार काठमाडौं विश्वविद्यालयको ३० औं दीक्षान्त समारोहलाई सम्बो धन गर्नुहुँदै कुलपतिसमेत रहनुभएका प्रधानमन्त्रीले नेपालमा उत्पादित जन शक्तिले हरेक क्षेत्रमा कर्तव्यनिष्ठ र विनम्रतापूर्वक आफूलाई प्रस्तुत गर्नुपर्ने सुझाव दिनुभएको हो।

दीक्षान्त समारोहलाई सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, "विद्याले घमण्डलाई प्रवेश गर्न दिँदैन, विद्याले के वल विनम्रता, मित्रता मात्रै दिन्छ। नेपाल मा उत्पादित जनशक्ति अन्य मुलुकमा उत्पादित जनशक्ति भन्दा अब्बल रहे का कारण नै स्वेदशमा अध्ययन गरेर विभिन्न देशमा पुगेका नेपाली जनशक्ति दक्ष र सफल भएको छ।"

उहाँले काठमाडौं विश्वविद्यालयबाट शुक्रबार दीक्षित भएका विद्यार्थीलाई आफ्ना अभिभावकलाई माया गर्दै अत्यन्तै सामाजिक भएर आफ्नो सेवा क्षेत्रमा काम गर्न निर्देशन दिनुभयो। "सरकार शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गर्न तयार छ, यी क्षेत्रमा केही परिवर्तन समेत भएको छ, सरकार शिक्षाको क्षेत्रमा सचेत छ, रा म्रो र गुणस्तरीय, सहज पहुँचको शिक्षा प्रदान गर्न लागेको छ", प्रधानमन्त्री ओ लीले भन्नुभयो। उहाँले माध्यमिक शिक्षा परिक्षा (एसइई) को परीक्षामा गत वर्षको जस्तो परीक्षाफल नआउने दाबी गर्दै यस

.... .पेज नं. ८ मा

विपद् उद्धार पूर्व तयारी अभ्यास

सुस्केरा समाचारदाता

डोल्पा, असार - वर्षातको समय नजि किदै आएको वेला मौसमजन्य विपद् उत्पन्न हुन सक्ने अवस्थालाई मध्यनजर गर्दै डोल्पा जिल्लाको मेहेलसेरा झोलुंगे पुल नजिकको भेरी नदिमा विभिन्न सुर क्षा निकायहरुद्धारा संयुक्त सुरक्षा अभ्यास गरिएको छ।

प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतको प्रमुख आतित्थ्यतामा नेपाली से ना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका सुरक्षाकर्मीहरु, सर्वसधारणहरु, विद्यार्थी, शिक्षक र संचारकर्मीहरुको उपस्थितिमा सुरक्षा निकायहरुको संयुक्त अभ्यास सम्पन्न गरिएको थियो।

पौडि खेल्ने क्रममा मानिस डुवेर उद्धारका लागि गुहार मागिए पछि सुरक्षाकर्मीहरुले उद्धार गरेको नमुना अभ्यास प्रस्तुत गरिएको थियो भने त्यसका साथ साथै मानिसको पुतला शव बनाएर शव खोज तलास गरी पुतला शवलाई नदि किनार बाट निकालिएको नमुना अभ्यास प्रस्तुत गरिएको थियो।

.... .पेज नं. ८ मा

खानाको सरसफाईमा ध्यान दिउँ

सुस्केरा समाचारदाता

डोल्पा, असार - दिनानुदिन खाद्य पदार्थमा मिसावट मात्रै होइन खाद्य पदार्थमा हुने रंगले मानविय स्वास्थ्यमा पार्ने असरका बारेमा सचे तना कार्यक्रम सम्पन्न गरिएको छ।

स्थानीय तहको सहकार्यमा स्ट्रिटफुडको स्वच्छता, रंगको प्रयो ग, खाद्य पदार्थको सिधा सम्पर्कमा आउने कागजको प्रयोग सम्बन्धी सचे तना कार्यक्रम संचालन गरिएको हो । जिल्ला प्रशासन कार्यालयको सभा कक्षमा संचालन भएको सचेतना कार्यक्रममा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतका रचना अधिकारीले खाद्य वस्तुको गुणस्तर का बारेमा प्रस्तुतिकरण गर्नु भएको थियो भने खाद्य वस्तुको गुणस्तरमा कमिकमजोरी गर्नेलाई कारवाहीको दायरामा ल्याउनका लागि प्रबन्ध भएका कानुनी प्रावधानका विषयमा

.... .पेज नं. ८ मा

मानव अधिकार सम्बन्धी तालिम

सुस्केरा समाचारदाता

डोल्पा, असार - नेपाल मानव अधिकार संगठनद्धारा मानव अधिकारको संर क्षण, संवर्धन र प्रवर्धनका लागि मानव अधिकार सम्बन्धी तालिम सम्पन्न गरे को छ।

नेपाल मानव अधिकार संगठनको आयोजनामा डोल्पाको सदरमुकाम दुनैमा आज मानव अधिकार शिक्षा कार्यक्रम संचालन गरेको छ । कार्यक्रममा मानव अधिकारका विष यमा व्यापाक छलफल गराइएको जना इएको छ।

मानव अधिकार शिक्षा कार्यक्रममा ने पाल मानव अधिकार संगठन केन्द्रिय अध्यक्ष इन्द्रप्रसाद अर्यालले मानव अधिकारका विषयमा चर्चा गर्नु भएको थियो। मानव अधिकार भनेको हामी आफ्नै तथा मानिसहरुकै अधिकार

.... .पेज नं. ८ मा

अवरोध खुलाउन २ बुदे सहमति

सुस्केरा समाचारदाता

काठमाडौं, असार - प्रतिनिधि सभाको अवरोध खुलाउन सत्ता पक्ष र विपक्षी दलले दुई बुँदे सहमति गरेका छन्। सत्ता पक्षको तर्फबाट नेकपा (एमाले) का मुख्य सचेतक महेशकुमार बतौ ंला र विपक्षी दलको तर्फबाट नेकपा (माओवादी केन्द्र)का प्रमुख सचेतक हितराज पाण्डेले हस्ताक्षर गर्नुभएको छ।

यो सहमतिसँगै १५ दिनदेखि जारी प्रतिनिधि सभाको अवरोध खुल्ने भएको छ । शुक्रबार दिउँसो ३:१५ बजेका लागि बोलाइएको बैठक अहिले साँझ ५:३० बजेका लागि सरेको संघीय संसद सचिवालले जानकारी गराएको छ।

सहमतिका दुई बुँदा

१-भिजिट भिसा र अध्यागमनसँग सम्बन्धित विषयका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ । उक्त कार्यलाई अख्तियार दुरुपयो ग अनुसन्धान आयोगले निष्कर्षमा पुऱ्याउने नै छ। उक्त विषयका सम्ब न्धमा छानबिनका लागि आयोगले

.... .पेज नं. ८ मा

अख्तियारको अनुसन्धानमा खुला हृदयले सहयोग गर्छु

रासस

काठमाडौं, असार - गृहमन्त्री रमेश लेखकले भिजिट भिसासँग जोडेर आफूविरुद्ध नियोजित र षड्यन्त्रपूर्ण ढङ्गबाट राजनीतिक रूपले आक्रमण गर्ने प्रत्यत्न भएको बताउनुभएको छ। प्रतिनिधिसभाको आजको बैठकमा उहाँले भिजिट भिसासम्बन्धी घटनामा आफ्नो कुनै संलग्नता नरहेको स्पष्ट पार्नुभयो। गृहमन्त्री लेखकले भन्नुभयो, "भिजिट भिसासम्बन्धी प्रकरणमा मेरो संलग्नता छैन, हुनै सक्दैन, ममाथि लगाइएको आरोपप्रति खेद व्यक्त गर्न चाहन्छु।"

भिजिट भिसासम्बन्धी प्रणाली विगत लामो समयदेखि लागू हुँदै आएको जानकारी दिँदै उहाँले आफ्नो कार्यकालभन्दा अघिल्ला मन्त्रीका पालामा बढी व्यक्ति भिजिट भिसामा विदेश गएको तथ्याङ्क प्रस्तुत गर्नुभयो। गृहमन्त्री लेखकले भन्नुभयो, "नियो जित, षड्यन्त्रपूर्ण ढङ्गले राजनीतिक चरित्रहत्या र राजनीतिक प्रतिशोध पूरा गर्नका लागि उठाइएका विषय हुन्, यस्ता निकृष्ट खाले प्रवृत्ति अन्त्य गर्नुस् म यो चाहन्छु।"

संवैधानिक निकायले छानबिन गरिरा खेको अवस्थालाई सरकारसँग जोड्ने हो भने विगतमा कति मन्त्रीहरूले रा जीनामा र जवाफ दिनुभएको थियो भनी प्रश्न गर्दै उहाँले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट हुने कुनै पनि कामकारबाहीलाई आफूले खुला हृदयले सहयोग गर्ने विश्वास दिलाउनुभयो।

लोकतन्त्र र विधिको शासनलाई सुदृढ तुल्याउन आफू निरन्तर लागिरहेको जनाउँदै गृहमन्त्री लेखकले आयोगको

.... .पेज नं. ८ मा

देशको पहिचान ....

वर्ष एसइईमा पास हुने विद्यार्थी प्रतिशत बढ्ने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले सरकारले एसइईमा कम उत्तीर्ण हुने समस्याको कारण खोजेर त्यसको समाधानको लागि कार्यक्रम सञ्चालन गरेकोले एसइईमा उत्तीर्ण हुनेको सङ्ख्या बढ्ने बताउनुभयो। कार्यक्रममा अमेरिकास्थित माउन्ट साइनाई हेल्थ सिस्टमसका प्रमुख कार्यकारी अधिकृत ब्रेन्डन जी कारले कुनैपनि व्यक्तिको अगाडिको बाटो स्पष्ट नहुने भएकोले आफ्नो आत्मविश्वासले नै मानिसलाई अगाडि बढ्न प्रेरित गर्ने बताउनुभयो। उहाँले विद्यार्थीहरुले आफूकस्तो भन्ने कुरा पढाइबाट नै प्रमाणित गरिसकेकोले आफ्नो अगाडि रहेका हरेक चुनौतीलाई आफू एक्लैले मात्रै सामना गर्न नसक्ने भएकोले सबैसँग साझेदारी गरेर अघि बढेको खण्डमा सबै खाले चुनौतीलाई सामना गर्न सकिने बताउनुभयो। कार्यक्रममा विश्वविद्यालयका उपकुलपति प्रा.डा. अच्युत वाग्लेले विश्वविद्यालय स्थापना भएदेखि हालसम्म ४७ हजार ८३१ शैक्षिक जनशक्ति उत्पादन भएको बताउनुभयो । शुक्रबार भएको ३० औं दीक्षान्त समारोहको दोस्रो चरणमा एक हजार १२९ विद्यार्थी दीक्षित भएका छन्। समारोहमा स्कुल अफ आर्टस्का १६३, स्कुल अफ एजुकेशनका १०२, स्कुल अफ इन्जिनियरिङका ६८, स्कुल अफ म्यानेजमेन्टका ११० विद्यार्थी दीक्षित भएको विश्वविद्यालयले जनाएको छ ।

यस्तै समारोहमा स्कुल अफ मेडिकल साइन्सेजका ६६१ जना र स्कुल अफ साइन्सका २५ विद्यार्थी दीक्षित भएका हुन्। समारोहमा स्कुल अफ आर्टस्, एजुकेसन, इन्जिनियरिङ, म्यानेजमेन्ट, मेडिकल साइन्सेज र स्कुल अफ साइन्स सङ्कायका पीएचडी तहका १४, डीएम तहका आठ, एमसीएच तहका दश जना, एमफिल तहका ६९ जना विद्यार्थी दीक्षित भएका छन् । दीक्षान्तमा सबै विद्यार्थीहरु दीक्षित भएका हुन् ।

अख्तियारको ....

छानबिन र कारबाहीलाई कसैले पनि प्रभावित हुन दिन नहुने बताउनुभयो। त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयका प्रमुख सहसचिव तीर्थराज भट्टराईलाई सोधपुछका लागि आयोगले बोलाएको विषय सञ्चारमाध्यमबाटै थाहा पाएको उहाँले स्पष्ट पार्नुभयो । गृहमन्त्री लेखकले अध्यागमन विषयमा देखिएका समस्या समाधान गर्न नीति गत, कानुनी र संरचना गत सुधार का एक महिनाभित्रै काम थालनी गर्ने विश्वास दिलाउनुभयो। उहाँले भन्नुभयो, “संसद् सञ्चालनका सम्बन्धमा सत्तापक्ष र प्रतिपक्षबीचमा भएको सहमतिलाई स्वागत र हृदयगम गर्दै अक्षरसः पालना गर्ने प्रतिबद्धता व्यक्त गर्छु ।”

बैठक चल्दै गर्दा रास्वपा र राप्रपाका सांसदहरूले भने नाराबाजी गर्दै ‘रोष्ट्रम’ घेराउ गर्नुभएको थियो । रासस

विपद् उद्धार ....

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलको संयुक्त अभ्यासको समापन मन्तव्य राख्दै प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले मनसुन सुरु भैसकेको अवस्थामा मौसमजन्य विपद्बाट धनजनको क्षति हुन नदिन सबै सचेत हुनु पर्ने बताउदै सुरक्षा निकायहरु खोज, उद्दार र राहतका लागि सधै तम्तयार रहेको बताउनु भएको थियो । गएको बुधवार बिहान १० बजेबाट गरिएको संयुक्त अभ्यास पौने घण्टासम्म संचालन भएको थियो ।

मानव अधिकार ....

को विषय भएकाले सबै जना यसमा गम्भिर भएर मानव अधिकारको पक्षमा बहस पैरवी गर्नु पर्ने बताउनु भयो । कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाले मानव अधिकार हाम्रो अधिकार भए पनि हामीले आफ्नो अधिकारका विषय उपभोग गर्दा अर्काको अधिकार हनन् भएको त छैन भनेर गम्भिर भएर सोच्नु पर्ने बताउनु भयो ।

खानाको सरसफाईमा ....

प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले आफ्नो प्रस्तुति राख्नु भएको थियो ।

ठुलीभेरी नगरपालिकाका नगर प्रमुख स्वबर्णकुमार बुढाको अध्यक्षतामा सम्पन्न सचेतना कार्यक्रमका प्रमुख अतिथि श्यामबहादुर रोकायाले खाद्य बस्तुको गुणस्तरमा सम्बन्धित निकाय ले मात्रै ध्यान दिनु पर्छ, नियमन गर्नु पर्छ भन्ने गलत धारणा त्यागै सबै नागरिकहरुले आ आफ्नो पक्षबाट गम्भिर ध्यान दिनु पर्ने बताउनु भयो । समापन मन्तव्य राख्दै नगर प्रमुख बुढाले खाद्य बस्तुहरुमा मिसावट भए त्यसले हामीमा घाटा गर्ने जानकारी प्राप्त भएको र यसमा व्यापारी, उपभोक्ता सहित सम्बन्धित निकाय गम्भिर हुनु पर्ने अवस्था आएको बताउनु भएको थियो ।

अवरोध खुलाउन ....

माग गरे बमोजिम नेपाल सरकारले आवश्यक सहयोग गर्नेछ ।

२-अध्यागमन र भिजिट भिसाको सम्बन्धमा विगतदेखि देखिएका समस्या समाधान गर्न नेपाल सरकारले आवश्यक अध्ययन एवं छानबिन गरी नीतिगत, कानुनी र संरचनात्मक सुधारका लागि उपयुक्त व्यवस्था गर्न ठोस पहल गर्ने ।

विपद्को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपद्को बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

"विपद्को सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं"

नेपाल सरकार
विज्ञापन बोर्ड

योग्यता प्रणालीको सम्मान गरौं

- योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,
- योग्यता र प्रतिष्पर्धाको सम्मान गर्दै रोगजारीमा समान अवसरको सदुपयोग गरौं,
- प्रतिभाको कदर स्वदेशमै गरौं र प्रतिभा पलायन हुनबाट रोकौं,
- निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,
- २०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती भव्यताका साथ मनाऔं,

"योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिबद्धता"

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आइबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: वीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

सरकारका बजेट निर्माण

यति बेला नेपालका तिनै तहका सरकारहरु आगामी आर्थिक वर्षको बजेट निर्माणमा लागेका छन्। नेपाल सरकारले गएको जेठ १५ गते आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट सार्वजनिक भैसकेको छ। बजेट सार्वजनिक भएर बजेट माथि छलफल हुने बेला भए पनि संसद नचलेका कारण बजेटका व्यवस्था माथि छलफल सुरु भएको छैन। प्रतिनिधि सभा अवरुद्ध रहेको थियो। शुक्रवार मात्र प्रमुख प्रतिपक्ष दल नेकपा(माओवादी केन्द्र) प्रतिनिधिसभा अवरुद्ध गर्ने कार्य बाट पछि हटे पछि राप्रपा र रास्वपाको विरोधका बिच संसद चलेको छ। यसले के देखाउछ भने आइतवारबाट बजेट माथिको छलफल सुरु हुने छ।

अर्को तर्फ संविधान मै व्यवस्था भए अनुसार नेपाल सरकारले आगामी आर्थिक वर्षको बजेट निर्माण गरी सार्वजनिक गरिसकेको अवस्थामा प्रदेश र स्थानीय तहहरुको बजेट सार्वजनिक हुने तहसम्म पुगेको छ। संवैधानिक व्यवस्था अनुसार आज सबै सातैवटा प्रदेश सरकारहरुले आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्ने कार्यक्रम रहेको छ। प्रदेशसभाहरुले नीति तथा कार्यक्रमहरु पास गरिसकेका छन् भने बजेट निर्माण कार्य सम्पन्न गरी आज संचालन हुने सबै प्रदेशसभा हरुमा आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट सार्वजनिक गर्ने कार्यक्रम रहेको सबै प्रदेश सरकारहरुले जानकारी दिएका छन्। कोशी प्रदेश, बागमति प्रदेश, मधेश प्रदेश, लुम्बीनी प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदुरपश्चिम प्रदेश सरकारहरुले बताएका छन्। यसले संविधान मै व्यवस्था भएका कारण सबै प्रदेश सरकारहरुले बजेट सार्वजनिक गर्न पाउने अवस्था बनेको जनाइन्छ।

यसका साथ साथै नेपालका सबै ७ सय ५३ वटै स्थानीयहरुले नीति कार्यक्रम तथा बजेट निर्माण गर्ने कार्यमा तिब्रताका साथ लागि रहेको जनाएका छन्। संवैधानिक व्यवस्था बमोजिम यही असारको १० गते सबै स्थानीय सरकारहरुले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट सार्वजनिक गरिसक्नु पर्ने हुन्छ। यही संवैधानिक व्यवस्था बमोजिम नै सबै स्थानीय तहहरुले नीति, कार्यक्रम र बजेट निर्माण गर्ने कार्यलाई व्यापक बनाएको बताएका छन्। विभिन्न चरणबाट छानिदै आएर अन्तिम चरणमा प्रवेश गरेको जनाइएको छ। स्थानीय तहहरुमा प्राप्त साधन र स्रोतलाई ध्यान दिएर त्यस बमोजिम विभिन्न योजनाहरु बनेको जनाइएको छ।

जे भए पनि सरकारका नीति, कार्यक्रम र बजेटले नागरिकहरुको हरेक पक्षलाई समेटेर उनीहरुको भवनालाई समेट्न सक्नु पर्ने बताइन्छ। बजेट सार्वजनिक भएर अघि सारिएका योजनाहरु जनमुखि, पारदर्शी, सरकारले लिएको दिगो विकासको लक्ष्यलाई सफल बनाउदै नागरिकहरुका भावनाहरुलाई समेटेर सरकारको क्षेत्राधिकार भित्र हरेक दुर गामी क्रियाकलाप गर्ने भएकाले नै हरेक वर्षको नीति, कार्यक्रम र बजेटले नागरिकहरु, सरकारका राष्ट्सेवक कर्मचारीहरुका भावनामा खुसिको संचार गराउन सक्नु सरकारका बजेटको प्रमुख ध्येय हुने गरेको बताइन्छ। जे होस् हरेक सरकारहरुले आफ्नो तर्फबाट स्थानीय भुमि र नागरिकहरुको हितमा काम बजेटमा हुने गरेको छ।

घुलनशील प्रेम

पूजा शर्मा (प्रकृतिप्रेमी
रातोपाटीबाट

.....
तिम्रो तितोपनको स्वादमा
समय बैँसिएर
कफी र पानी
पानी र कफी
बलियो र उत्साही पेय बनेर
जसले मलाई पागल बनाउँथ्यो।

अलिकति कम कफीसँग
धेरै कफीमा म घोलिएर
समयलाई श्वेत भैरवी बनाएकी छु
भारी आँखा भएकी
समयको एक चुस्कीमा।

ओठमा तीतोपन होइन
सुगन्धले स्फूर्ति जगाउँछ
चिनीविहीन तितो नै
कफीको मिठो स्वाद हो
प्रकृतिको स्वाद हो
ओशोले भनेझैँ स्वतन्त्रताको स्वाद हो
तितोपनको जिउँदो, निर्विवाद स्वादमा
कफीले हैन, समयले मलाई डोऱ्याउँछ नदीतिर।

आशा छ– जीवनमा एक दिन
यस्तै स्वाद हुनेछ
यही अनुभूतिको स्वादमा रमाएर
कफीको परम आनन्दको स्वादमा
तिमीसित म मिलेकी छु।

यो एक इच्छा होइन
जीवनको प्रेम हो।

रोटीसँग आफ्नो भाषा साट्नेहरु

यकिना अगाध
गोरखापत्रबाट

एक टुक्रा
मात्र एक टुक्रा
रोटीको लोभमा
एक दिन
मातृभाषाहरू यसरी हराउने छन्
जसरी
हराए इतिहासको गर्भमा
ती डाइनोसरहरू।

तब
तब मात्र
रोटीको पछि पछि
भागदौड गरिरहेका मान्छेहरू
भन्न थाल्ने छन्

म को हुँ ?
खोइ मेरो भाषा ?
मेरो पहिचान के हो ?
मेरो देश कहाँ छ ?

रोटीसँग
हो, मात्र रोटीसँग
आफ्नो मातृभाषाको हत्या गर्नेहरूले
पाउने छन्, त्यतिखेर
कुनै पार्कमा
सडकको बिचमा
वा सहरको मध्य भागमा
केवल
पोसाक, मूर्ति, सालिक, चिह्नहरू .....

खेलकुद

मधेशले जित्यो क्रिकेट उपाधि

सुस्केरा समाचारदाता

काठमाडौँ, असार - टिबी शाह स्मृति यु-१६ राष्ट्रिय एकदिवसिय क्रिकेट प्रतियोगिताको उपाधि मधेश प्रदेशले जितेको छ ।

वीरेन्द्रनगरको कालिञ्चोक क्रिकेट मैदानमा शनिबार भएको फाइनलमा मधेशले बागमती प्रदेशलाई सात विकेटले हरायो ।

जितका लागि बागमतीले दिएको एक सय १३ रनको लक्ष्य मधेशले १३.४ ओभरमा तीन विकेटको क्षतिमा पूरा गरेको थियो । मधेशका लागि सान्तु मण्डलले अविजित ४३ रन बनाउनुभयो । आयन मुखियाले अविजित २९ र सुशान्त सिंहले १२ रन जोड्नुभयो ।

बलिङमा बागमतीका कप्तान प्रसिद्ध जेसीले दुई तथा कमल साहीले एक विकेट लिनुभयो । यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बागमतीले ३३ ओभरमा सबै विकेटको क्षतिमा एक सय १२ रन बनाएको थियो ।

बागमतीका लागि प्रसिद्ध जेसीले सर्वाधिक २५ रन बनाउनुभयो । यस्तै रोहित ठाकुरले २२, आशिष गुप्ताले १७ र सूर्यान्शु कोइरालाले १० रन जोड्नुभयो ।

बलिङमा मधेशका रोहन यादवले तीन विकेट लिनुभयो । यस्तै राजीवकुमार सदा र सलमान अली मन्सुरीले दुई दुई विकेट लिनुभयो ।

आज ठुलीभेरी नगरपालिका र मुङ्के चुला गाउँपालिका क्रिकेट टिमको खेलमा मुङ्केचुला टिम विजयी ।

विपतसँग जुध्न सामूहिक एकता

- डा शोभाकर पराजुली

गत वर्ष नेपालको सरकारी तथ्याङ्कमा लगभग आठ हजार ८६१ विपत्का घटना प्रवृष्ट भए । यी पञ्जीकृत घटना र दुर्घटना मात्रै हुन् । बाँकी कैयौँ घटना सरकारी निकायसम्मै आइनपुगेका पनि छन् । कति त्यत्तिकै सेलाएका छन् । सरकारको आधिकारिक निकायमा नआउँदासम्म ती रेकर्डमा बस्दैनन् र गणनामा पनि पर्दैनन् । सरकारको त्यही तथ्याङ्कलाई मात्रै केलाउने हो यी विपत्का घटनामा परेर कम्तीमा पनि ७४५ जनाको ज्यान गएको देखिन्छ । राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले अभिलेख गरेका घटना विवरण अनुसार त्यो एक वर्षमा कम्तीमा पनि तीन अर्ब तीन करोडभन्दा धेरैको आर्थिक क्षति नागरिकले बेहोर्नु पऱ्यो । नागरिकको ज्यानको अघि सम्पत्तिको यो आर्थिकीकरण त्यत्ति मूल्यवान नहुन सक्छ तर राज्यले परिपूर्ति गर्नुपर्ने क्षतिको गणित त्यो भन्दा पनि कैयौँ गुणा बढी हुन्छ । त्योभन्दा अझ ठुलो पीडाको मूल्य आमनागरिकले चुकाउनु पर्छ । हरेक प्राकृतिक र दैवीय विपत्तिमा यो आमनागरिकले भोग्नुपर्ने र भोग्दै आएको नियति जस्तै हो ।

सयौँ मानिस त्यही विपत्का कारण बेपत्ता पनि भएका छन् । हरेक वर्ष यसरी सयौँ मानिसको अत्तोपत्तो हुँदैन । हजारौँ मानिस घाइते अनि अपाङ्गता हुन्छन् । मान्छेसँगै कैयौँ प्राणीको ज्यान पनि यस्ता विपत्का सिकार हुँदै आएका छन् । गत वर्षको तथ्याङ्कलाई केलाउने हो भने सबैभन्दा बढी बाढी, पहिरा र चट्याङ अनि भारी वर्षाका कारण मान्छेको ज्यान गइरहेको छ । त्यसको प्रभावले हुने सडक तथा हवाई दुर्घटना त यसमा खासै जोडिएका हुँदैनन् । त्यसलाई पनि जोड्ने हो भने र मानवीय धनमालको क्षतिको ग्राफ अझ उकालो चढ्छ । राज्यले एउटा मात्रै नागरिकको ज्यान को मूल्य पनि लगाउन मिल्दैन । झन् हजारौँ नागरिक हरेक वर्ष दोहोरिइर हने विपत्का कारण मरिरहँदा मानवीय मूल्यको त तुलना नै हुन सक्दैन । हरेक वर्षका घटना र त्यसबाट हुँदै आएको क्षतिका अङ्क गणित हेऱ्यौं भने हामीले निकै धेरै गुमाइसकेको थाहा हुन्छ । हरेक वर्ष प्रकाशित हुने यी डरलाग्दा र भयानक तथ्य अनि तथ्याङ्कबाट हामी अझ धेरै चनाखो अनि सचेत हुनुपर्नेमा हामी झन् झन् औपचारिकतामा मात्रै साँघुरिन थालेका छौँ ।

प्रकृतिले ल्याउने यस्ता स्वाभाविक आपत्बाट घेरिने समय फेरि पनि आइपुगेको छ । यद्यपि प्राकृतिक र दैवीय घटनाको कुनै मौसम वा ऋतु हुँदैन । कुनै मौसममा त्यसको भने ज्यादा जोखिम हुन्छ । त्यस्तै मनसुनको समय पनि एउटा त्यस्तै अवधि हो । जहाँ हामीले नचाहेरै पनि धेरै क्षति अनि जोखिम बेहोरिरहेका हुन्छौँ । अवश्यम भाबी यस्ता आपत्को निर्मूलीकरण सम्भव त छैन तर पूर्वजानकारी अनि पूर्वसचेतना र पूर्वतयारीको अवस्थाले हामी कतिसम्म त्यसबाट जोगिन सक्छौँ वा त्यसको क्षति न्यूनीकरण गर्न सक्छौँ भन्नेमा निर्भर रहन्छ । मनसुन भनेको आफैँमा वर्षा होइन, त्यसको प्रभावका कारण वर्षा हुन सक्छ । अनि यसलाई बर्खामास वा बर्खायाम भन्छौँ । नेपाल जस्तो आधा अर्थतन्त्र खेतीपातीमै निर्भर रहेको देश र यहाँका किसानका लागि यो याम जति हर्षप्रद हुन्छ त्यत्तिकै जोखिम र भयानक पनि हुन्छ । अर्थात् हामी प्रकृतिसँग हामी जति सिँगौरी खेल्न तम्सिन्छौँ, त्यसको बेगले हामीलाई उत्तिकै बेस्सरी हिर्काउँछ । ..(गोपवाट)

संस्कृति, कला, बाल संशार



सुरक्षित आप्रवासन सम्बन्धी अभिमुखिकरण कार्यक्रम उद्घाटन गर्दै समन्वय प्रमुख ।

शासन प्रणाली प्रभावकारी बनाऔं

सुस्केरा समाचारदाता

काठमाडौँ, असार - सभामुख देवराज घिमिरेले शासन प्रणालीलाई प्रभावकारी र जनमुखी बनाउन आवश्यक रहेको बताएका छन् ।

शनिबार काठमाडौंमा आयोजित नेपालमा निर्वाचन प्रणाली: तुलनात्मक अध्ययन पुस्तक सार्वजनिकीकरण कार्यक्रममा बोल्दै उनले निर्वाचन पद्दती र प्रणालीहरुको बारेमा विवेचना हुन जरुरी रहेको बताए ।

उनले भने, 'हामीले के गऱ्यो भने शासन प्रणालीलाई प्रभावकारी बना उन सक्छौँ ? जनमुखी बनाउन सक्छौं ? यो शासन प्रणालीमा आएका समस्याहरु हुन् कि निर्वाचन प्रणालीका दोषहरु हुन् ? यसलाई प्रयोग गर्ने राजनीतिक दलहरु र पार्टीहरुको भूमिकामा समस्या हो कि भन्ने जस्ता धेरै बहसहरु चलिरहेका बेला खासगरी निर्वाचन पद्दती र प्रणालीहरुको बारेमा अलि बढी विवेचना हुन जरुरी छ ।'

त्यस्तै, उनले वर्तमान समयमा निर्वाचन प्रणालीमा बहस र छलफल गर्न सान्दर्भिक हुने बताए । संविधान बनाउँदा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय परिस्थिति र देशको वस्तुगत अवस्थालाई आधार बनाइ अनुभवहरु प्राप्त गरेको बताए । संविधानको संशोधन गर्ने आवधिक समय पनि भएको भन्दै उनले अनुभवहरुलाई कार्यान्वयन गर्दै संशोधन गर्नुपर्ने धारणा राखे ।

उनले भने, 'हाम्रो निर्वाचन प्रणालीमा बहस र छलफल गर्न सान्दर्भिक हुन्छ जस्तो लाग्छ । संविधानको संशोधनको कुरा चलिरहेका बेला संविधान बना(उँदा बखत राष्ट्रिय अन्तर्राष्ट्रिय परिस्थिति र देशको वस्तुगत अवस्थाका आधारमा आफ्नै खालका पद्दती र निर्वाचन प्रणाली अपनाएका छौँ । केही अनुभवहरु प्राप्त भएका छन् । यी अनुभवहरुलाई कार्यान्वयन गर्दै संविधानको संशोधन गर्ने आवधिक समय आइसकेको छ ।

सामान्य ज्ञान ३६

१. विश्वमा चिया उत्पादनमा नेपाल कति औं स्थानमा रहेको छ ?

☐ १४ औं (पहिलो : चीन, दोस्रो : भारत र तेस्रो : केन्या)

चिया उत्पादनका हिसाबले प्रमुख १० राष्ट्र

क्रसं	राष्ट्र	उत्पादन (मेट)	विश्वमा स्थान
१.	चीन	१,६०,१३,२५०	पहिलो
२.	भारत	६३,४३,१६५	दोस्रो
३.	केन्या	२५,७७,८००	तेस्रो
४.	श्रीलङ्का	१४,३३,५४३	चौथो
५.	टर्की	१३,५६,५५६	पाँचौं
६.	भियतनाम	११,२५,०६५	छैटौं
७.	इन्डोनेसिया	६,४७,०००	सातौं
८.	बङ्गलादेश	४,०६,०००	आठौं
९.	युगान्डा	३,९०,४९४	नवौं
१०.	अर्जेन्टिना	३,६९,०२२	दसौं

स्रोत : विश्व खाद्य सङ्गठन

२. राष्ट्रिय सूचना आयोगले आफ्नो १९ औं स्थापना दिवसका अवसरमा सर्वोत्कृष्ट अभियन्ता पुरस्कार २०८२ बाट कसलाई सम्मानित गऱ्यो ?

☐ वरिष्ठ पत्रकार तारानाथ दाहाल

- आयोगले सूचना अधिकारको प्रवर्धन, पारदर्शिता तथा सुशासनमा योगदान पुऱ्याउने सूचना अधिकारी, कर्मचारी र पत्रकारहरूलाई पुरस्कार तथा सम्मान

विकासमा आशाको सञ्चार

- विनोद पोखेल(गोपबाट)

..... १८ औं शताब्दीसम्म विशेष गरी मल्लकालमा कला, संस्कृति, मठमन्दिर, दरबार, हिटी, पाटी, पोखरी आदि सांस्कृतिक तथा धार्मिक संरचनाको निर्माणको भएको पाइन्छ । राणा शासनकाल विसं १९०३ देखि २००७ सम्म देश र जनताको जीवनस्तर उकास्ने गरी खासै विकास नभए पनि आफूले निजी रूपमा प्रयोग गर्न ठुला ठुला दरबार तथा भवन निर्माण भएको पाइन्छ । जुन पछि सरकारी प्रशासनिक भवनका लागि प्रयोग गरिए । विसं २००७ मा प्रजातन्त्र स्थापना भएपछि विकासका योजना बनाउने कामको सुरु भयो, जस अनुसार विसं २०१३ मा पहिलो पञ्चवर्षीय योजना लागु गरिएको थियो । पछि २०१७ सालमा निरङ्कुश पञ्चायती व्यवस्था लागु गरेपछि विकास कार्य केन्द्रबाट निर्देशित प्रणालीबाट अघि बढाइन्थ्यो । उक्त अवधिमा शिक्षा, स्वास्थ्य चौकी, सडक, सिँचाइ आदिमा योजनाबद्ध रूपमा विकासको काम अघि बढाइए पनि जनसहभागितामूलक विकासको नीति अवलम्बन गरिएको थिएन ।

विसं २०४७ सालमा नेपालमा पुनः प्रजातन्त्र स्थापना भएपछि स्थानीय सरकार र जनताको सहभागिता बढ्यो केही विकास निर्माणका काम सुरु भए अस्थिर राजनीतिक अवस्थाको कारण विकासले तीव्र गति लिन सकेन । नयाँ विकासका योजना बनाउँदै जाने क्रममा विसं २०५२ मा माओवादीले सशस्त्र सङ्घर्ष सुरु गऱ्यो । त्यस अवधिमा देशको पूर्वाधार विकास निर्माणभन्दा विनाशतर्फ अगाडि बढ्यो, यो क्रम १० वर्षसम्म चल्यो । २०६२/६३ को जनआन्दोलनले देशमा गणतन्त्र स्थापना गर्ने बाटो खुल्यो र देशबाट राजतन्त्र सदाका लागि बिदा भयो । विसं २०६४ सालमा संविधान सभा चुनाव भएर देशमा गणतन्त्र स्थापना भयो । नयाँ संविधान निर्माणको प्रक्रिया सुरु भयो, जस अनुसार विसं २०७२ मा नयाँ संविधानसमेत जारी भयो । यस अवधिमा विकासका योजना त बने के ही विकासका काम पनि सुरु भए तर आशातीत भएनन् । राजनीतिक स्थिरता नहुनुको परिणाम हामीले भोगिरहेका छौं ।

विसं २०७४ मा नयाँ संविधान अनुसार चुनाव भएर तीन तहका सरकार गठन भएको पनि करिब आठ वर्ष भयो, विकास निर्माण भौतिक पूर्वाधार, विद्युतीकरण, शिक्षा, स्वास्थ्य, सञ्चार, सिँचाइ, कृषि आदिमा धेरै काम भएका छन् । गाउँ गाउँमा पक्की सडक बनेका छन् । नयाँ ठुला राजमार्ग पनि निर्माण भइरहेका छन्, पुराना राज मार्ग विस्तार तथा स्तर उन्नति पनि भइरहेका छन् त जुन गतिमा हुनुपने थियो, तदनुसार हुन सकेको छैन । जनताको गुनासो यहींनेर छ ।

पृथ्वीनारायण शाहले एकीकरण गरेर एउटा सिङ्गो नेपाल स्थापना गरेपछिका शासकले अन्य देशले गरे जस्तै विकास गर्न कसले रोकेको थियो र ? ट्रेन चलाउन, सुरुङ बनाउन, उत्तर दक्षिण राजमार्ग, पूर्व पश्चिम राजमार्ग बनाउन कसले छेक्यो । राजाको छोराछोरी विदेशी कलेजमा पढ्न पठाउँदा जनतालाई आधुनिक शिक्षा दिन देशमै कलेज युनिभर्सिटी स्थापना गरेर जनताका छोराछोरीलाई आधुनिक शिक्षा दिन कसले रोक्यो । जनस्रोतको धनी देश पर्याप्त हाइड्रो पावर बनाउन कसले रोक्यो, उद्योगधन्दा कलकारखाना खोलेर जनतालाई दिएर स्वदेशमै रोजगारी दिएर उत्पादन बढाउन किन सकिएन । किनकि त्यस बेलाका शासक देशका नियम कानुनभन्दा माथि हुन्थे । राज्यको स्रोतसाधन उनीहरूको निजी सम्पत्ति सरह उपयोग गरिन्थ्यो । देशको विकासभन्दा आफ्नो र आफ्नो परिवारको ऐस आरामका लागि राज्यको आयस्रोतको उपयोग गरिन्थ्यो । अन्य देश उपनिवेशबाट स्वतन्त्र भएर विकासको पथमा लम्कँदै गर्दा हाम्रा शासक आफ्नै परिवारको विकासको पथमा लम्कँदै थिए । बोल्न सक्ने हैसियत र अवस्था जनताको थिएन । विसं २००७ देखि मात्र जनतामा जागरूकता आएको थियो प्रजातन्त्रको स्थापना भएको थियो । त्यो पनि ०१७ सालमा बोली बन्द गरियो दलहरू प्रतिबन्धित भए र पछि विसं २०४७ सालमा प्रजातन्त्रको पुनर्स्थापनामै अहिलेको अवस्था आएको हो ।

पहिलेको परिस्थिति र अहिलेको अवस्था हेर्दा देशमा केही भएन भन्न मिल्दैन जनताले चाहेको गतिमा काम नभएको मात्र हो । भ्रष्टाचारका कुरा पहिले बोल्न, देख्न, लेख्न पाइँदैनथ्यो

एसइईका प्रमाणपत्र हराएको सूचना

प्रस्तुत विषयका सम्बन्धमा मिति २०८१ चैत ११ गते नेपालगञ्जबाट जीप मार्फत डोल्पा आउने क्रममा मेरो आफ्नै एसईईका सम्पूर्ण सक्कल प्रमाणपत्रहरु हराएकोले पाउनु हुने महानुभावहरुले तपशील रहेको मेरो ठेगाना र फोन नं. मा सम्पर्क गरी फिर्ता गरिदिनु हुन तथा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालय दुनै डोल्पामा बुझाइदिनु हुन हार्दिक अनुरोध छ । पाउनु हुने महानुभावलाई उचित पुरस्कारको व्यवस्था रहेको व्यहोरा अनुरोध छ ।

नामः विपन धराला
ठेगानाः त्रिपुरासुन्दरी नगरपालिका ३, डोल्पा ।
फोन नं.: ९७४२८४४००६

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

-पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीका मूल, प्रशोधन यन्त्र तथा भण्डारण गर्ने टयाङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

काइके गाउँपालिका,
डोल्पा

डोल्पाको आर्थिक समृद्धि र विकास पर्यटन क्षेत्रको संवर्धन र पूर्वाधार विकास

सुशासन कायम गरौं

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

छार्का ताङसोङ गाउँपालिका, डोल्पा

महत्वपूर्ण जानकारी

- हामी आफ्नो र आफूसँग आश्रीत परिवारको स्वस्थ जीवनका लागि अर्गानिक उत्पादनका लागि आफू लागौं र अरुलाई पनि यस तर्फ आकर्सित गराऔं ।
- सबैभन्दा ठुलो कुरा उत्पादन गर्नु भन्दा पनि उत्पादित अर्गानिक कृषि उत्पादनको सहि उदुपयोग गरौं ।
- गाउँको शुद्ध अर्गानिक वातावरणलाई रासायनिक मल, विषदीहरु प्रयोग गरेर नबिगारौं ।
- हाम्रो गाउँमा उत्पादन हुने कोदो, फापर, मकै, गहु लगायतका खाद्य बस्तुको प्रयोग गरौं निरोगी बनौं ।
- आफ्नो बारिमा अर्गानिक खेति गरौं, माटोको उर्बरा शक्ति सुरक्षित राखौं । अर्गानिक कृषि उत्पादनको प्रयोग गरी निरोगी बनौं ।
- आफ्नो वरपरको वातारण अर्गानिक बनाई राख्न सबै एक होऔं ।
- विषदी र रासायनिक मलले माटोको उर्बरा शक्ति घटाउने कुरा बुझि राखौं ।

शरद लामा
कार्यालय प्रमुख
कृषि विकास कार्यालय दुनै, डोल्पा
दुनै, डोल्पा

रैथाने बाली संरक्षणका प्रयास

- पुष्कर्राज प्रसाई

..... सहन सक्ने गुण, प्राङ्गारिक तथा पर्यावरणीय कृषिका लागि उपयुक्त हुने, रैथाने कृषि उपजको मूल्य र बजार माग बढ्दो, कृषि अनुवांशिक स्रोतको संरक्षण र प्राकृतिक उत्परिवर्तनमा टेवा पुग्ने जस्ता रैथानै बालीका विशेषता हुन् । यसरी यी बुँदाबाट रैथाने बाली लगाउन र उत्पादन गर्न कति सजिलो रहेछ भन्ने बुझ्न सजिलै सक्छौं । यसको अर्को महत्वपूर्ण कुरा के हो भने यो अर्गानिक हुन्छ ।

रैथाने र अर्गानिकको सम्बन्ध

रैथाने बालीमा खाद्य सुरक्षा, पोषणदेखि स्वस्थ जीवनयापनमा आवश्यक रहेको कार्बोहाइड्रेट, प्रोटिन, फाइबर, भिटामिन, क्याल्सियम म्याग्नेसियम र आइरन जस्ता खनिजको प्रचुरता बढी भएकाले संरक्षणमा जोड दिनु जरुरी देखिन्छ । यस हिसाबले रैथाने र अर्गानिकबिचको सम्बन्ध नङ र मासुको जस्तै देखिन्छ । यदि अर्गानिक खाने हो भने हामीले रैथानेको संरक्षण गर्नै पर्छ । रैथानेको संरक्षण गर्न हामीले गाउँघरमा नै सशक्त रूपमा जागरण ल्याउन सक्नु पर्छ । खुसीको कुरा भन्नु पर्छ कि पछिल्लो समय पर्यटन व्यवसायको रूपमा देखा परेको होमस्टेले रैथाने चिजको सामीप्य र उपभोग बढाएको छ । सबै मान्छेलाई होमस्टे पुग्ने सुविधा र खर्च नहुन सक्छ, यस्तो अवस्थालाई ख्याल राखी भुइँ मानिसलाई गाउँघर मा नै रैथाने चिज वस्तु चाख्ने, स्वाद लिने मौका जुराइदिने प्रयास भइराखेको पाइन्छ । रैथाने अभियानमा लागेका सङ्घ संस्थाले 'विषादीरहित खाना, हामी सबैको चाहना' को नारा दिई काम गरिरहेको अवस्था छ ।

रैथाने संरक्षणमा सरकारी प्रयास

नेपाल सरकारले रैथाने संरक्षण कार्यान्वयन कार्यविधि, २०७५ जारी गरिसकेको छ । यसको उद्देश्य यस्तो छ : रैथाने बालीको जातीय सुधार प्रवर्धन तथा संरक्षण गर्नु, रैथाने बालीको उन्नत खेती प्रविधि विस्तारमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्नु, रैथाने बालीको उत्पादन विविधीकरण तथा बजारीकरणमा सहयोग गर्नु, स्थानीय रैथाने बालीको घर खेती संरक्षणमा सघाउ पुऱ्याउनु । यी नै उद्देश्य सफल गराउन कर्णाली प्रदेश सरकारको २०७४ फागुन ६ गते बसेको मन्त्रीपरिषद्को पहिलो बैठकले अर्गानिक कृषिको आधार तयार पादै रैथाने बालीको संरक्षण गर्ने निर्णय गरेको थियो । यसरी रैथाने बालीको संरक्षण कार्यक्रम आर्थिक वर्ष २०७५/७६ देखि २०७७/७८ मा के ही जिल्लामा लागु गरिने र त्यसपछि त्यसका नतिजा हेरी क्रमशः अन्य जिल्लामा चरणबद्ध रूपमा लागु गदै जाने लक्ष्य राखेको थियो । यसै गरी सङ्घीय कृषि विभाग अन्तर्गत बाली तथा कृषि जैविक विविधता संरक्षण केन्द्रले प्राङ्गारिक कृषि प्रवर्धन मिसन अन्तर्गत रैथाने बाली प्रवर्धन अभियान अनुसार मध्य र उच्च पहाडी क्षेत्रका होमस्टेका लागि रैथाने परिकारसम्बन्धी तालिम सञ्चालन गरेको थियो ।

कृषि ज्ञान केन्द्रले चालु आवमा बागमती प्रदेश र गण्डकी प्रदेशमा रैथाने बाली प्रवर्धन कार्यक्रम लागु गरिरहेको पाइन्छ । लागु भएका जिल्लाहरू काभ्रे पलाञ्चोक, रामेछाप, सिन्धुली, नुवाकोट, धादिङ, ललितपुर, चितवन, स्याङजा, तनहुँ, गोरखा, पर्वत, म्यार्दी र लमजुङका केही तहमा नमुनाको रूपमा यो कार्यक्रम लागु गरिएको पाइन्छ । ती जिल्ला मा कृषि ज्ञान केन्द्रको प्रत्यक्ष निगरानीमा सञ्चालन हुने कार्यक्षेत्र अनुसार प्रतिकेन्द्र ६१ लाख २५ हजारदेखि ६६ लाख ३० हजारसम्मको बजेट निकासा हुने गरेको पाइन्छ । रैथाने बालीको प्रमुख उपभोक्ताका रूपमा कार्यक्रम सञ्चालन हुने गाउँ नगरका बासिन्दा होटेल र होमस्टेलाई लिएको देखिन्छ । त्यही भएर होटेल व्यवसायी, होमस्टे सञ्चालक, उद्यमी, कृषक समूह तथा सहकारीका सदस्यलाई रैथाने बालीका उत्पादन एवं परिकारका लागि कृषि ज्ञान केन्द्रमार्फत तालिम दिइने गरिएको छ । यस कार्यक्रमले रैथाने बाली उत्पादन गरी प्याकेजिङ, ब्रान्डिङ गरी बजारमा उपलब्ध गराउने समूह तथा सदस्यलाई प्रोत्साहन अनुदान वापत प्रतिरोपनी दुई हजार रुपियाँ दिने गरेको छ । यस्ता कृषकलाई प्रोत्साहित गर्न विभिन्न कार्यक्रम रहेका पाइन्छन् तर यसरी विभिन्न जिल्लामा कार्यक्रम लागु गरे पनि नतिजाको हिसाबले सबै भन्दा राम्रो व्यापकता काभेपलाञ्चोक जिल्लाको चौंरीदेउराली र मण्डनदेउपुर, सिन्धुपलाञ्चोकको हेलम्बु गाउँपालिका-६ मा भएको थियो । यस्तै रैथाने बालीलगायत रैथाने पशुपन्छीको संरक्षणका लागि समेत सर्वोच्च अदालतबाट २०७३ मा परमादेश जारी भइसकेको अवस्था छ ।

मौलिकता र स्वाधीनताको रक्षा

अहिले किसान र व्यापारीको अवस्था हेर्दा परम्परागत बाली र जैविक कृषिका विषयमा बहस र चासो बढ्दै गएको देखिन्छ । स्थानीय किसानले परम्परागत रैथाने बालीको संरक्षण र प्रवर्धनमा पनि सक्रियता देखाएकै देखिन्छ । भर्खरै चन्दननाथ नगरपालिकाले आफ्नो नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा दिवा खाजा खुवाउँदा अनिवार्य रूपमा स्थानीय रैथाने परिकारका खुवाउनुपर्ने निर्देशन दिएको छ । यसै गरी अब स्थानीय उत्पादन, प्रविधि र संस्कृतिको अनिवार्य प्रयोग राज्यका निकायले गर्नेतर्फ सरकार, राज्यका विभिन्न निकाय, सङ्घ संस्थाले पनि ध्यान दिन थालेको देखिएकाले रैथाने बालीको संरक्षण अभियान सफल हुने विश्वास गर्न सकिन्छ । यो अभियान सफल हुनु भनेको नेपाली मौलिकता र स्वाधीनताको रक्षा भई 'सुखी नेपाली समृद्ध नेपाल' को राष्ट्रिय आकाङ्क्षा पूरा हुनु हो । अतः रैथाने संरक्षण अभियान सफल पारौं ।

साभार: गोरखापत्रअनलाइन

स्वास्थ्य सेवा कार्यालय डोल्पाको अत्यन्त जरुरी सूचना

महामारिका रुपमा फैलिने कोरोना भाइरस तथा कोभिड १९, टाइफाइट, हैजा, झाडापखाला लगायतका विभिन्न प्रकारका घातक रोगहरुबाट बच्नका लागि निम्न उपायहरु अपनाई आफू बचौ र अरुलाई पनि बचाऔं । नेपालमा विस्तारै कोरोना भाइरसको संक्रमण बढ्दै छ । यसले महामारिको रुप पनि लिन सक्छ त्यसैले सतर्क रहौं ।

महामारिबाट बच्ने उपायहरु

१. अनावश्यक घर बाहिर ननिस्कौं ।

२. आवश्यक काममा निस्कनै परे अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने गरौं ।

३. कुनै पनि सामान छोइसकेपछि हात साबुन पानीले मिचिमिचि धुने गरौं ।

४. कुनै पनि खानेकुरा राम्रोसँग पकाएर मात्र खाने गरौं ।

५. पानी उमालेर वा निर्मलीकरण गरेर मात्र पिउने गरौं ।

६. महामारीको बेलामा तालिम, गोष्ठि, सेमिनार, भोज, भतेर जस्ता भिडभाड हुने कार्य नगरौं ।

७. रुघाखोकी लागेको व्यक्तिबाट कम्तिमा पनि ३ मिटर टाढा बसौं ।

८. अभिवादन गर्दा टाढैबाट नमस्कार गरौं, हात मिलाउने, अंकमाल गर्ने नगरौं ।

९. आफ्नो स्वास्थ्यको स्थिति आफैले निगरानी राख्ने गरौं, स्वास्थ्य स्थितिमा गडबड आएमा तुरुन्तै चिकित्सकहरुसँग सम्पर्क राखौं ।

१०. त्यसैले तपाई बाँचे गाउँ बाँच्छ, गाउँ बाँचे देश, देश बाँचे अनि बल्छ समृद्धिको बेस(bass) कोरोना भाइरस लगायतका महामारि रोकथाममा तपाई हाम्रो सक्रिय सहभागिताको खाँचो छ ।

स्वास्थ्य सेवा कार्यालय

दुनै, डोल्पा

सूचना । सूचना ॥ सूचना ॥।

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका घट्नाहरु, घटना घटेको ३५ दिन भित्र यस पालिकाका नागरिकहरुले आफ्नो वडा कार्यालयमा दर्ता गरौं, गराऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

मुड्केचुला गाउँपालिका, डोल्पा

सके सपारौं, नसके नबिगारौं

अर्थतन्त्रका अधिकांश सूचक अब्बल

सुस्केरा समाचारदाता

काठमाडौँ, असार - मुलुकको आर्थिक एवं वित्तीय क्षेत्रसँग सम्बन्धित प्राय: सबै सूचक अब्बल देखिएका छन् । नेपाल राष्ट्र बैङ्कले सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८१/८२ को १० महिनाको तथ्याङ्क अनुसार आर्थिक अवस्था देखाउने राजस्व तथा खर्च, व्यापार, शोधनान्तर अवस्थासहित मौद्रिक अवस्था देखाउने कर्जा तथा निक्षेप परिचालन, मुद्रास्फीतिलगायतका सूचकमा उल्लेख्य सुधार पाइएको हो । तथ्याङ्कले मुलुक भित्रिने र बाहिरिने रकमको अन्तर देखाउने शोधनान्तर अवस्था अहिलेसम्मकै उच्च बचतमा देखाएको छ । समीक्षा अवधिमा शोधनान्तर स्थिति चार खर्ब ३८ अर्ब ५२ करोड रुपियाँले बचतमा छ । यो अघिल्लो आवको तुलनामा ४६ अर्ब रुपियाँले बढी हो ।

शोधनान्तर अवस्थाले चालु खाता, पुँजीगत खाता र वित्तीय खातामा विदेशमा भित्रिएको र नेपालबाट बाहिरिएको रकमलाई बुझाउँछ । तथ्याङ्कले चालु खाता मजबुत हुँदा शोधनान्तर स्थिति उच्च बचतमा रहेको पुष्टि गर्छ ।

१० महिनामा मुलुकको चालु खाता दुई खर्ब ५५ अर्ब ९३ करोड रुपियाँले बचतमा छ । यस अवधिमा चालु खातामा २० खर्ब २२ अर्ब रुपियाँ जम्मा हुँदा १७ खर्ब ६६ अर्ब १० करोड रुपियाँ बाहिरिएको छ । निश्चित समयमा हुने वस्तु तथा सेवाको कारोबार (अन्तर्राष्ट्रिय व्यापार), विप्रेषण आप्रवाह, प्रत्यक्ष लगानीबाट प्राप्त आम्दानीलगायतका शीर्षक चालु खातामा पर्छन् । चालु खाताले चालु प्रकृतिका अर्थात् तत्काल नै उपयोग गर्न सकिने रकमलाई बुझाउँछ ।

महँगी दर घट्यो

राष्ट्र बैङ्कको तथ्याङ्कले महँगी दर घटेको देखाउँछ । वैशाखमा यस्तो दर २.७७ प्रतिशत थियो जबकि अघिल्लो वैशाखमा यस्तो दर ४.४० प्रतिशत थियो । महँगीको तथ्याङ्कलाई राष्ट्र बैङ्कले उपभोक्ता मुद्रास्फीति अन्तर्गत प्रस्तुत गर्दछ । मुद्रास्फीतिले मुद्राको क्रय क्षमतामा आएको ह्रासलाई देखाउँछ । अर्थात् अघिल्लो वैशाखमा एक सय रुपियाँमा खरिद गरेको वस्तुलाई यस पटक वैशाखमा १०३ रुपियाँ तिर्नुपर्दा मुद्राको मूल्य तीन प्रतिशतले घटेको बुझ्न सकिन्छ । घटेको मूल्य नै मुद्रास्फीति हो, जसलाई महँगी अथवा मूल्यवृद्धि भनेर बुझ्ने प्रचलन छ ।

राष्ट्र बैङ्कका अनुसार वैशाखमा खाद्य तथा पेय पदार्थको महँगी दर १.५२ प्रतिशत छ र गैरखाद्यवस्तुको दर ३.४५ प्रतिशत छ । महँगी दर गाउँमा बढी देखिएको छ । गाउँमा ३.२१ प्रतिशतले महँगी बढ्दा सहरमा यस्तो दर २.६१ प्रतिशत मात्र छ ।

प्रदेशगत रूपमा लुम्बिनी प्रदेशमा सबैभन्दा कम अर्थात् २.१५ प्रतिशत र सबैभन्दा बढी कोशी प्रदेशमा ४.२९ प्रतिशत महँगी दर रहेको छ । थोक मुद्रास्फीति दर भने ३.९५ प्रतिशत मात्र रहेको तथ्याङ्क छ ।

निर्यातमा ऐतिहासिक वृद्धि

वैशासम्म मुलुकबाट हुने निर्यातमा ऐतिहासिक वृद्धि भएको छ । राष्ट्र बैङ्कका अनुसार वस्तु निर्यात ७२.७ प्रतिशतले बढेर दुई खर्ब १७ अर्ब रुपियाँ नाघेको छ । आयात पनि १३.१ प्रतिशतले बढेर १४ खर्ब ७४ अर्ब १९ करोड रुपियाँ पुगेको छ । कुल वस्तु व्यापार घाटा ६.७ प्रतिशतले बढेको छ ।

सेवा क्षेत्र भने घाटामा देखिएको छ । वैशाखसम्म सेवा क्षेत्र ८६ अर्ब ५३ करोड रुपियाँले घाटामा रहेको तथ्याङ्क छ । खास गरी भ्रमणबापत बाहिरिने रकम बढी हुँदा सेवा आय घाटामा रहेको पाइएको छ । भ्रमण आम्दानी ८.३ प्रतिशतले बढेर ७५ अर्ब ७१ करोड रुपियाँ पुगे पनि सोही शीर्षकमा नेपाल बाट बाहिरिने रकम १७.९ प्रतिशतले बढेर एक खर्ब ८५ अर्ब तीन करोड रुपियाँ पुगेको छ ।

विप्रेषणमा निरन्तर वृद्धि

वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाउने विप्रेषणबापतको रकम निरन्तर वृद्धिकै लयमा देखिएको छ । तथ्याङ्क अनुसार वैशाखसम्म विप्रेषण आप्रवाह १३.२ प्रतिशतले बढेर १३ खर्ब ५६ अर्ब ६१ करोड रुपियाँ पुगेको छ । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या चार लाख पाँच हजार र पुन: श्रम स्वीकृति लिनेको सङ्ख्या दुई लाख ८० हजार रहेको छ । सत्र महिनालाई पुग्ने विदेशी मुद्रा

मुलुकसँग विदेशी मुद्राको सञ्चिति थुप्रिएको छ । राष्ट्र बैङ्कका अनुसार वैशाख मसान्तसम्म विदेशी मुद्राको सञ्चिति २२ खर्ब ११ अर्ब रुपियाँ बराबर रहेको छ । अमेरिकी मुद्रामा यस्तो सञ्चिति १५ अर्ब २७ करोड डलर रहेको छ । कुल सञ्चितिमध्ये भारतीय मुद्राको अंश २१.२ प्रतिशत रहेको छ । मुलुकसँग रहेको सञ्चितिले १७ महिना १२ दिनको वस्तु र एक वर्षको वस्तु तथा सेवा आयात गर्न पुग्ने राष्ट्र बैङ्कले जनाएको छ ।

कर्जामा सुधार

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा २.१ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा २.८ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा मौद्रिक क्षेत्रको सरकारमाथिको खुद दाबी २४.१ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी १२ प्रतिशतले घटेको थियो ।

मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी ७.६ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो दाबी ५.७ प्रतिशतले बढेको थियो ।

बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा तीन खर्ब ६८ अर्ब ६८ करोड (७.३ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा दुई खर्ब २५ अर्ब २४ करोड (४.७ प्रतिशत) ले बढेको थियो । गत वैशाख मसान्तमा बैङ्क तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये गैरवित्तीय संस्थागत क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ६३.१ प्रतिशत र व्यक्तिगत तथा घर परिवार क्षेत्रतर्फ प्रवाह भएको कर्जाको अंश ३६.९ प्रतिशत छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमश: ६३.७ प्रतिशत र ३६.३ प्रतिशत थियो ।

निक्षेप परिचालन पनि बढ्यो

समीक्षा अवधिमा बैङ्क तथा वित्तीय संस्थामा रहेको निक्षेप तीन खर्ब ९९ अर्ब ८१ करोड (६.२ प्रतिशत) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप चार खर्ब ४३ अर्ब आठ करोड (७.८ प्रतिशत) ले बढेको थियो ।

गत वैशाख मसान्तमा बैङ्क तथा वित्तीय संस्थाको कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको अंश क्रमश: ५.५ प्रतिशत, ३५.९ प्रतिशत र ५०.८ प्रतिशत छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो अंश क्रमश: ५.० प्रतिशत, २९.१ प्रतिशत र ५९.० प्रतिशत थियो । गत वैशाख मसान्तमा बैङ्क तथा वित्तीय संस्थाको कुल निक्षेपमा संस्थागत निक्षेपको अंश ३५.४ प्रतिशत रहेको छ । गत वर्षको वैशाख मसान्तमा यस्तो निक्षेपको अंश ३५.७ प्रतिशत रहेको थियो ।

स्रोत: नेपाल राष्ट्र बैंक ।

धुम्रपान मध्यपानले लिन्छ ज्यान

होसियार, होसियार धुम्रपान र मध्यपानले लिन्छ ज्यान । त्यसैले सुर्तिजन्य पदार्थ, तथा मध्यपान सेवन गरेर आफ्नो ज्यान जोखिममा पार्ने मात्र होइन समाजलाई पनि बर्बाद पार्नबाट जोगाउन आफूले धुम्रपान र मध्यपान सेवन नगरौं र गरेको भए पनि आजैदेखि त्यागौं ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा

पूर्ण सरसफाइका लागि हामी र हाम्रो सामुदाय प्रतिबद्ध छौं ।

पूर्ण सरसफाइका ५+१ विषय र सूचकहरू



१) चर्पीको प्रयोग
- सबैले सँधै चर्पीमा दिसा पिसाब गर्ने गरेको
- चर्पीको सरसफाइ नियमित गर्ने गरेको
- चर्पीको लागि साबुन र पानीको व्यवस्था भएको



२) साबुन पानीले हात धुने बानी
- चर्पीको प्रयोग पछि,
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहर कुरा/विषादी छोएपछि तथा
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि



३) सुरक्षित पानी
- पानी पिउने, खनाउने, राख्ने भाँडो सफा र छोपेर राखेको
- सुरक्षित मूहान/वितरण प्रणालीको पानी पिउने गरेको/घरायसी तहमा शुद्धिकरण गरेर मात्र पिउने बानी भएको



४) सुरक्षित खाने गरेको
- भान्सा कोठा सफा राख्ने
- पकाएको र नपकाएको खानेकुरालाई छुट्टा छुट्टै राख्ने
- राम्ररी पकाउने
- उपयुक्त तापक्रममा राखी संरक्षण गर्ने
- सुरक्षित पानी र खाद्य वस्तुको मात्र प्रयोग गर्ने



५) सफा घर आँगन
- घर आँगन सधैं सफा गर्ने गरेको
- घरबाट निस्कने फोहरको वर्गीकरण तथा व्यवस्थापन गर्ने गरेको
- घरबाट निस्कने फोहर पानीको व्यवस्थापन गर्ने गरेको
- पशुपंछीका लागि छुट्टै टहरा/गोठ/खोर बनाई मलमुत्रको व्यवस्थापन गर्ने गरेको
- धुवाँरहित भान्साकोठा



६) सफा वातावरण
- खुल्ला दिसा मुक्त अवस्था भएको गाउँ
- सफा बाटो-घाटो, चौतारा तथा अन्य सार्वजनिक स्थानहरु
- संरक्षित पानीका मूहानहरु र वितरण प्रणाली
- सफा खोला, नदी नालाहरु
- वायु प्रदूषण नभएको
- फोहरमैलाको व्यवस्थापन भएको
- हरियाली वातावरण/पार्कको व्यवस्था भएको

खानेपानी, सिंचाई तथा ऊर्जा विकास कार्यालय
डोल्पा
फोन नं.: ०८७-५५०१३८

स्थानीय विकासको मार्गचित्र

- प्रमोद अर्याल

गणतन्त्रपछिको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिले कार्यकालको तीन वर्ष बिताइसकेका छन् । रचनात्मक योजनाको पहिचान, व्यावसायिक कार्ययोजना तथा परियोजनाको प्राथमिकीकरण हुन सकेको छैन । जसबाट नागरिक र स्थानीय सरकार दुवैको विकासशील आवश्यकता पूरा हुन सकेको छैन । आर्थिक तथा सामाजिक रूपान्तरणका योजना तथा कार्यक्रम र बृहत् पूर्वाधार निर्माणका लागि वित्त परिचालन जटिल समस्या बनेको छ । स्थानीय तह केन्द्र र प्रदेश सरकारको बजेट खर्च गर्ने निकाय जस्ता बन्दै गइरहेका छन् । स्थानीय तहले प्राप्त हक अधिकार र स्रोतसाधनको यकिन गर्न सकिरहेको अवस्था छैन । स्रोत परिचालनबाट पुँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा लगानी गर्दै आन्तरिक आयमा वृद्धि गरी आत्मनिर्भरता तर्फ उन्मुख स्थानीय सरकारको परिकल्पना हुनुपर्ने हो, जुन हुन सकिरहेको छैन । पालिका अविलम्ब स्थानीय आर्थिक विकासको कार्ययोजना र कार्यान्वयन कार्यतालिका लिएर अगाडि बढ्नुको विकल्प छैन ।

स्थानीय तहले क्षेत्रगत आवश्यकता र प्रभावका आधारमा लक्षित बजेट तर्जुमा गर्ने गरेको खासै देखिँदैन । केही पालिकाले कोभिड-१९ कालमा कोरोना महामारी लक्षित बजेट बनाएका थिए । त्यसपश्चात् क्षेत्रगत रूपमा पूर्वाधार, जलवायु परिवर्तन, विपत् व्यवस्थापन, स्वास्थ शिक्षा, कृषि, औद्योगिक विकास, दिगो विकास लक्ष्य, स्थानीय आर्थिक विकास जस्ता विषयमा समग्र पालिकाको विकासको मुख्य आधार को खाका निर्माण गरी लक्षित बजेट तर्जुमा गर्न सकिने भए पनि पालिकाले प्रयोगमा ल्याउन सकिरहेका छैनन् । पालिकाको बजेट क्षेत्रगत आवश्यक ताभन्दा पनि नियमित र क्रमागत कार्यक्रमले जेलिएको वितरणमुखी र वडागत भागबन्डाको दस्तावेज जस्तो हुँदै गहिरहेको छ । जसमा विषेश गरी पाँच वटा विषयगत क्षेत्रको आधारमा पालिका बजेट बन्ने गरेको छ ।

विनियोजनका आधारमा खासै औसत भार र तुलना गरिएको हुँदै न यद्यपि गाउँपालिकादेखि समग्र नगर पालिकासम्म हालसम्मको विनियोजन हेर्दा औसतमा सामाजिक विकास क्षेत्रले पालिका बजेटको ३० देखि ४५ प्रतिशत, पूर्वाधार विकास क्षेत्रले २० देखि ३५ प्रतिशत, संस्थागत विकास तथा सुशासन १० देखि २५ प्रतिशत, स्थानिय आर्थिक विकास क्षेत्र सात देखि २० प्रतिशत र वन, वातावरण, विपत् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र दुईदेखि सात प्रतिशत विनियोजन हुने गरेको छ । यसरी विनियोजनका आधारमा हेर्दा जलवायु परिवर्तन र स्थानीय आर्थिक विकास जस्ता आर्थिक र समयानुकूलका रणनीतिक र महत्वपूर्ण क्षेत्र जहाँ उल्लेख्य काम गर्नुपर्ने छ, त्यसले पालिका बजेटमा महत्वपूर्ण स्थान पाउन सकिरहेको छैनन् । जबसम्म स्थानीय आर्थिक विकासका बृहत् आयाममा लगानी गरिँदैन तबसम्म आर्थिक समृद्धि हासिल गर्न सकिने छैन ।

पूर्वाधार विकासका कार्यक्रम स्थानीय आर्थिक विकासका पूर्वाधार निर्माणमा लगाउने, सामाजिक विकास क्षेत्रका योजनालाई आर्थिक सामाजिक रूपान्तरणका आयोजनासँग जोड्ने, स्थानीय आर्थिक विकास क्षेत्रबाट आर्थिक रूपान्तरणका योजना तथा परियोजना सञ्चालन र लगानी गर्ने वातावरण तय गर्नु पर्छ । संस्थागत विकास तथा सुशासन क्षेत्रमार्फत स्थानीय आर्थिक विकास तथा दिगो विकास लक्ष्यसमेत समेटिएको कार्यान्वयन कार्ययोजना र खाका बनाई लागु गर्ने र वन, वातावरण, विपत् र जलवायु परिवर्तनका योजनालाई समेत बहुउपयोगी, दिगो विकास र आर्थिक उपार्जनसँग सम्बन्धित रहेर गाउँ/नगरपालिकाको बजेट विनियोजन हुनु पर्छ ।

जीवन उपयोगी शिक्षा आजको आवश्यकता हो । यही सोच अनुसार स्थानीय तहले काम गर्नु पर्छ । सिप भएर पनि कामविहीनको अवस्था, सिप नभएका जनशक्ति र अन्य कारणले गरिबीको रेखाभित्र परेका समुदायको जीवनस्तर सुधार गर्नु स्थानीय सरकारको कर्तव्य हो । समस्या कहाँ निर छ भने सिप छ, उत्पादन पनि छ तर बजार छैन भन्ने सुनिँदै आएको छ । वास्तविकता के हो भने बजार पनि छ तर परिचालन छैन वा गर्न सकिएको छैन भन्ने हो । स्थानीय आर्थिक विकासको कार्यान्वयन कार्ययोजना छैन । पालिका स्तरमा रहेका सरकारी कार्यालय र विद्यालयमा स्थानीय समुदायको सिपबाट तयार भएका जुत्ता चप्पल, पोसाक लगाउने व्यवस्था मिलाउने, कृषि औजारको स्थानीय कृषकलाई बिक्री गर्ने बढी भए बजार खोज्न सहकारीलाई सहजीकरण गर्ने । एक बिक्री केन्द्र मात्र स्थापना गर्न सके पनि घरेलु हस्तकला, डेरी उद्योग, खाजा नास्ता, कृषि उत्पादन लगायत स्थानीय उत्पादनको बजार व्यवस्था गर्न सकिन्छ ।

प्रत्येक स्थानीय तहमा पर्यटनका गन्तव्य र प्रचुर सम्भावना बोकेका क्षेत्र छन्, कमी छ त केवल संरक्षण, प्रचार प्रसार एवं स्थानीय व्यवस्थापन । पर्यटन सहकारीको विकास र लगानी गर्दै पर्यटन उद्यमीको निर्माण गर्न सकिन्छ । पर्यटन बहुआयामिक क्षेत्र हो, यसले पर्यटकीय स्थल र क्षेत्र मात्र होइन खेलकुद प्रतियोगिता, साङ्गीतिक वा खाद्य महोत्सव, कला वेशभुषा र परम्परालगायत नवीन तम रूपमा सञ्चालन गरिने कृषि कार्यसमेत लिन सकिन्छ । आर्थिक क्रियाकलापको सिर्जना गर्नु नै स्थानीय आर्थिक विकास हो । पर्यटन सहकारी भन्नाले यहाँ नगरपालिकाको प्रत्यक्ष सहजीकरणमा प्रत्येक वडाबाट उद्यमी वा जुझारु युवा सदस्य र हने गरी पर्यटन लक्षित सहकारीको स्थापना गर्नु पर्छ । युवालाई आवश्यक तालिम, अध्ययन अवलोकन भ्रमणको व्यवस्था गर्ने, होमस्टे, पदयात्राको खोजी, पर्यटकीय पूर्वाधारको खोजी र व्यवस्थापन, संरक्षण र लगानी, प्रचार प्रसार जस्ता क्रियाकलापमा लगाउन सकिन्छ । प्रत्येक वडामा र पालिका स्तरमा स्थानीय आर्थिक क्रियाकलापमा योगदान हुने गरी, कला संस्कृति, कृषि प्रदर्शनी, महोत्सव, मेला वा खेलकुद प्रतियोगिता जस्ता कार्यक्रम सञ्चालन गर्ने गराउने कार्यमा उक्त सहकारी परिचालन गर्न सकिन्छ ।

वैदेशिक रोजगारमा रहेका तथा फकेका जनशक्तिको तथ्याङ्क सङ्कलन गरी उक्त सिपयुक्त जनशक्तिको स्थानीय स्तरमा प्रविधि र सिप हस्तान्तरणका लागि पालिकाले उपयुक्त लगानीको वातावरण तय गर्नु पर्छ । जसले स्वदेशमै उद्यमशीलताको विकास गराउँछ । पालिकाले आर्थिक विकासका लागि भूमिको उचित व्यवस्थापन .... (गोप)

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं ।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) एने, २०४९ अनुसार कारवाही हुनेछ ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

सूचना । सूचना ॥ सूचना ॥॥

सुख्खाको समयमा हावाहुरि, आगलागिका कारण हुने क्षेतिलाई न्यूनिकरण गर्नका लागि सबै जना सचेत हुनु आवश्यक छ ।
त्यसैले सबै जना सचेत बनौ ।
आगोलागि हुन नदिनका लागि जथाभावी आगो नबालौं,
बाले पनि राम्रोसँग निभाऔं ।

डोल्पोबुद्ध गाउँपालिका, डोल्पा